**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९।०८० सालको निर्णय नं. २६७

पुनरावेदन नं. ०७५-RB-०२११

पुनरावेदन दर्ता मितिः-२०७५।१०।२२

**मुद्दाः- अग्रिम कर (२०६९/०७०) ।**

का.जि.का.म.न.पा. वडा नं. २ गैह्रिधारा स्थित सनराईज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७७०) को तर्फबाट अख्तियार प्राप्त ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य......................................................................१ } पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजस्व विभाग, लाजिम्पाट..........................................................१ } प्रत्यर्थी
ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...............................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री बलराम रिज्याल

शुरु कार्यालय निर्णय मितिः २०७४।०२।१९

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णु प्रसाद नेपाल

निर्णय मितिः २०७५।०८।२४

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम करदाताको तर्फबाट पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. करदाता सनराइज बैंक लिमिटेडले आ.व. २०६९/०७० को लागि आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०७०।०९।२८ मा आय विवरण पेश गरेको।

२. करदाताको आ.व. २०६९/०७० को लागि कर परिक्षण हुँदा सोको सिलसिलामा पेश हुन आएको आय विवरण साथ संलग्न कागजात, फाँटवारी तथा प्रमाणहरुको अध्ययन, छानविन गरी पेश हुन आएको कर परीक्षण प्रतिवेदन समेतको आधारमा उक्त आ.व. २०६९/०७० मा श्रोतमा करकट्टी गरी दाखिला नगरेको कर रकम रू.८,६४,९१२।९४ (अक्षेरुपी आठ लाख चौसट्ठी हजार नौ सय बाह्र रूपैंया चौरानब्बे पैसा मात्र।) माग गर्नुपर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्न कुनै ठोस सबुद/प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम करदातालाई मिति २०७४।०१।२२ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएको।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०१।२२ मा जारी गरिएको सूचना करदाताले मिति २०७४।०१।२६ मा बुझिलिई सोको जवाफ मिति २०७४।०२।१० मा पेश गरेको।

४. यसमा श्रोतमा कर कट्टी रकम रू.८,७०,१२४।- (अक्षेरुपी आठ लाख सत्तरी हजार एक सय चौबिस रूपैंया मात्र।) दाखिला गर्न आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) बमोजिमको सूचना दिने भन्ने समेत व्यहोराको ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०२।१९ मा भएको निर्णय ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट अग्रिम कर तर्फ आर्थिक वर्ष २०६९/०७० को लागि मिति २०७४।०२।१९ मा जारी भएको अग्रिम कर कट्टी आदेश उपर चित्त नबुझाई करदाता सनराइज बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७४।०४।२३ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

६. करदाताको SWIFT सेवा वापतको भुक्तानी सम्बन्धमा घटी कर दाखिला गरेको स्वीकार गरी अग्रिम कर तथा व्याज दाखिला गरेको हुंदा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क निर्धारण गर्ने गरी, कमिशन भुक्तानी सम्बन्धमा सोही ऐनको दफा ८८(१) बमोजिम पन्ध्र प्रतिशतका दरले करकट्टी गर्नुपर्नेमा सो गरेको नदेखिएको अवस्थामा अग्रिम कर माग गरिएको, लेखापरीक्षण शुल्क सम्बन्धित अन्य खर्चहरु लेखापरीक्षणसंग सम्बन्धित खर्च भएको देखिएकोले कार्यालयबाट आयकर ऐन, २०५८ (संशोधन सहित) को दफा ८८ (१) बमोजिम १५ प्रतिशतले हुने रकम, सोही रकममा सोही ऐनको दफा ११९ बमोजिमको ब्याज र दफा १२०(क) बमोजिमको शुल्क समेत निर्धारण गर्ने गरी शुरु कर कार्यालयले गरेको निर्णय मिलेकै देखिंदा निवेदकको निवेदन जिकिर नपुग्ने ठहर्छ भन्ने समेत वेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।८।२४ मा भएको निर्णय।

७. डिस्काउन्टको भुक्तानीमा अग्रिम कर कट्टी गरी रकम दाखिल गर्नुपर्ने भनी ऐनमा कहि कतै व्यवस्था छैन। अग्रिम करको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क लगाउनु न्याय सम्मत नहुँदा ठूला करदाता कार्यालयबाट अग्रिम कर माग गर्ने गरी भएको संशोधित कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी आय विवरण बमोजिम नै अग्रिम कर कायम होस भन्ने समेत वेहोराको करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।१०।२२ मा दायर गरेको पुनरावेदन पत्र।

८. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिइ नियमानुसार पेश गर्नु भन्ने मिति २०७६।०४।२२ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## <u>ठहर खण्ड</u>

९. नियम बमोजिम पेशी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सनराइज बैंक लि. का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले ठूला करदाता कार्यालय हरिहर भवनबाट पुनरावेदक

करदाताको हकमा भएको अग्रिम कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको अग्रिम कर निर्धारणको आदेश तथा सो आदेशलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु ठूला करदाता कार्यालय ललितपुरको निर्णय तथा सोलाई सदर गर्ने गरी भएको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय मिलेको छ छैन ? पुनरावेदकको जिकिर पुग्न सक्ने हो होइन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो ।

११. निर्णय तर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर कमिशन तथा डिस्काउन्ट वापत भुक्तानी भएको रकमलाई अग्रिम कर नलाग्ने भएकोले उक्त सेवामा अग्रिम कर लगाई जरिवाना र व्याज समेत लगाउनु कानून सम्मत नभएको भन्ने देखियो। करदाताले आ.व.२०६९।७० को नाफा नोक्सान हिसाबको अनुसूची ४.२४ अन्तर्गत कमिशन तथा डिस्काउन्ट वापतको भुक्तानी रु.६२,५१,३५३।- मध्ये रु.१६,९२,७७३।१७ मा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम १५ प्रतिशतले अग्रिम कर कट्टी गरी दाखिल गर्नुपर्नेमा दाखिल गरेको देखिएन। यस सम्बन्धमा करदाताले मिति २०७४।२।१० मा दिएको जवाफमा आयकर ऐन, २०५८ को दफा ८८(१) ले नेपालमा स्रोत भएको कमिशनमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्ने भएपनि हामीले विदेशी बैंकहरुसंग लिएको सेवा वापतको भुक्तानीमा दिएको कमिशन र डिस्काउन्ट नेपाल बाहिर नै भुक्तानी दिएकोले दफा ८८(१) आकर्षित हुने होइन भन्ने जिकिर लिएको देखियो। आयकर ऐन, २०५८ को दफा ६७ को उपदफा (६) को खण्ड (झ) को उपखण्ड (१) मा भुक्तानीको स्थान जहाँ सुकै भए पनि नेपालमा सो कार्यहरु भएमा भुक्तानीको स्रोत नेपालमा नै भएको मानिने स्पष्ट व्यवस्था रहेको पाइयो। यसरी करदाता बैंकले विदेशी बैंकहरुलाई सेवा वापत गरेको भुक्तानीमा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम अग्रिम कर दाखिल गर्नुपर्ने नै देखिंदा करदाताको उक्त पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। त्यसैले करदाता बैंकले कमिशन तथा डिस्काउन्ट वापतको भुक्तानी रु.६२,५१,३५३।— मध्ये रु.१६,९२,७७३।१७ को अग्रिम कर दाखिल नगरेकोले अग्रिम कर वापत रु.२,५३,९१५।९७ र सोको आयकर

ऐन, २०५८ को दफा ११९ बमोजिम लाग्ने ब्याज रु.१,४९,१७५।– समेत करदाताले दाखिल गर्नुपर्ने ठहऱ्याएको हदसम्म प्रत्यर्थी कार्यालयहरुको निर्णय मिलेकै देखिन्छ।

१२. पुनरावेदक करदाताले अग्रिम करको रकममा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क लगाएको मिलेन भनी लिएको दोस्रो जिकिर सम्बन्धमा हेर्दा, आयकर ऐन, २०५८ को दफा १२० मा "*कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुठ्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिला गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिई वा सो विवरणबाट उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्नेछ*" भन्ने कानुनी व्यवस्था गर्दै खण्ड (क) मा "*जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भूलवश झुठ्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत*" भन्ने कानुनी व्यवस्था गरिएको पाईयो। यो व्यवस्था करदाताले झुठ्ठा वा भ्रमपूर्ण विवरण दाखिला गरेको प्रष्ट भएमा त्यस वापत जरिवाना सरह लाग्ने शुल्क देखिन्छ। आयकर ऐन, २०५८ को दफा ९० को उपदफा (८) मा "तथा अग्रिम कर कट्टी गर्नु पर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० वमोजिमको शुल्क समेत" भन्ने अंश आर्थिक ऐन, २०७७ बाट मात्र थप भएको देखिन आयो। यसरी अग्रिम कर कट्टी गर्ने भुक्तानीमा दफा १२० को शुल्क लाग्ने कानुनी व्यवस्था हुनु भन्दा अघिको आ.व. २०६९/०७० को हकमा मिति २०७४।०२।१९ मा अग्रिम कर माग गर्दा दफा १२०(क) को शुल्क समेत गणना गरी कर निर्धारण गरेको आदेशमा कानुनको पश्चातदर्शी असर (Retrospective Effect) पर्ने गरी प्रयोग गरेको त्रुटी समेत विद्यमान देखिँदा सो हदसम्म उक्त निर्णय न्यायोचित देखिएन।

१३. तसर्थ माथी विवेचित आधार एवं कारण समेतबाट पुनरावेदक करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७०) को आ.व. २०६९/०७० को आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर माग गर्दा ठूला करदाता कार्यालय ललितपुरले आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको मिति २०७४।२।१९ को आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।८।२४ मा भएको निर्णय समेत सो हदसम्म मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ। करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## तपसिल खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७०) को आ.व. २०६९/०७० को आयकर ऐन, २०५८

को दफा ९०(८) बमोजिम ठूला करदाता कार्यालयबाट मिति २०७४।०२।१९ मा अग्रिम कर माग गर्दा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क समेत लगाएको हदसम्म उक्त निर्णय र सोही निर्णय सदर हुने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२४ मा भएको निर्णय समेत सो हदसम्म उल्टी हुने ठहरी फैसला भएकोले करदाताले आयकर ऐन,२०५८ को दफा १२०(क) बमोजिमको शुल्क बुझाउनु नपर्ने हुँदा सो वापतको रकम हिसाब गरी करदाताको अर्को आ.व. को हिसाबमा मिलान गरिदिनु भनी शुरु ठूला करदाता कार्यालयमा लेखी पठाइदिनू।

२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. फैसलाको विद्युतीय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलाश अधिकृतः सनिता लामा
कम्प्यूटर अपरेटरः प्रदिप तिवारी
फैसला मितिः-२०७९।१२।१४।३
फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप